नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं

नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्या :-

च.नं. :-

मिति :.........................

आज मिति २०७५/०८/०६ गतेका दिन सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको समुपस्थितिमा आ.व २०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम एवं बजेट कार्यान्वयनको कार्ययोजनामा भएको प्रगतिको प्रथम चौमासिक समिक्षा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुरु भयो। आज उपप्रधानमन्त्री तथा रक्षा मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, कानून, न्याय तथा संसदीय मामिला मन्त्री, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री, वन तथा वातावरण मन्त्री, अर्थ मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री, युवा तथा खेलकुद मन्त्री, खानेपानी मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री र माननीय राष्ट्रिय योजना आयोगका उपाध्यक्ष एवम् सदस्यहरु समेतको उपस्थितिमा विभिन्न मन्त्रालयका सचिवज्यूहरुले आ-आफ्नो मन्त्रालयको चौमासिक प्रगति प्रस्तुत गर्नुभयो ।

आजको समिक्षामा भएको प्रस्तुति पश्चात् सम्माननीय प्रधानमन्त्रीज्यूले सरकारका नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित विषयहरुको कार्यान्वयन कार्ययोजनाको चौमासिक समीक्षा गर्ने पद्वति उपलब्धिमूलक रहेको र यसबाट कार्यक्रम कार्यान्वयनका कमिकमजोरीहरु पत्ता लागेको र आगामी दिनमा गर्नुपर्ने सुधार समेत पहिचान भएको बताउनुभयो । राष्ट्र विकासको प्रश्न सरकारको भविष्यसंग मात्र नभई देश र जनताको भविष्य संग जोडिएको हुनाले देशको अवस्था हेरेर हाम्रो अभिभारा गाम्भिर्यताका साथ पुरा गर्न जरुरी छ ।जुन गतिकासाथ विकासका गतिविधि बढ्नु पर्ने हो त्यो गति लिन **One step forward in each day in every sector** को रणनीतिका साथ कार्यसम्पादन गर्न जरुरी रहेको बताउनुभयो ।कार्यसम्पादन गर्न नसक्नेले तर्कको लेप लगाएर छोप्न खोज्नु मान्य हुन नसक्ने भएकोले अनावश्यक तर्क होइन नतिजा चाहिएको हुँदा योजना पूरा हुनु निर्विकल्प र अनिवार्य रहेको एवम् सत्य भन्दा माथि आदेश नहुने भएकोले सबैले कानून बमोजिम आफ्नो जिम्मेवारी निष्पक्ष र इमान्दारीपूर्वक पालना गर्नु पर्ने साथै मेलम्ची लगायत राष्ट्र गौरवका

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८

फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल

इमेल : info@opmcm.gov.np

वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :.........................

आयोजनाहरु निर्धारित समयमै सम्पन्न गरी जनतालाई खानेपानी यथाशिघ्र उपलब्ध गराउन निर्देशन दिनुभयो । हाम्रो भौगोलिक विविधता लाई सदुपयोग गर्दै सहकारीता मार्फत आधुनिक प्रविधिको प्रयोग गरी सामूहिक खेति प्रणालिबाट ठूलो परिमाणमा उत्पादन **(Mass Production)** गर्न सकेमा मात्र आयात प्रतिस्थापन र निर्यात प्रवर्दन हुन सक्ने भएकाले आगामी दिनमा हाम्रो प्राथमिकता रेमिट्यान्स नभई यूवा स्वरोजगार, उत्पादन र उत्पादकत्वमा अभिबृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र रहेको बताउनुभयो साथै वनको खाली रहेको जग्गामा कृषि वन प्रणालि विकास गरी आम जनताको आय-आर्जन बढाई गरिबी निवारण गर्नुपर्ने बताउनुभयो । यो राष्ट्र हाम्रो साझा हो र संघ, प्रदेश र स्थानीय तहको नाममा हामीले आ-आफ्नो स्वार्थ नहेरी एक-आपसमा समन्वय र समाञ्जस्यताका साथ सबैले मिलेर राष्ट्र निर्माण प्रतिको आफ्नो जिम्मेवारी मिलेर पूरा गर्न लाग्नु पर्ने आव्हान सहित कार्यक्रम समापन भयो ।

यस सम्बन्धी बाँकी मन्त्रालयहरुको प्रस्तुति २०७५/०८/०८ गते हुनेछ ।

मिति: २०७५/०८/०६

बिनोद बहादुर कुँवर
सहसचिव / प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np